DAILY NEWSLETTER

As of FEB 26, 2026

सर्वगुण Investor's Club

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

नेपाल स्टक एक्सचेञ्ज (NEPSE) सामान्य सुधारसहित बन्द — ६ अंकको वृद्धि, भोल्युमले अझै साथ दिएन

नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक आज सामान्य सुधारसहित हरियो क्यान्डलमा बन्द भएको छ। कारोबारको अन्त्यमा नेप्से सूचक ६ अंकले बढ्दै सकारात्मक देखिएको हो। बजारमा कुल कारोबार रकम ४ अर्ब रुपैयाँभन्दा बढी रहेको भए पनि कारोबार भोल्युमले भने बजारको वृद्धिलाई पूर्ण रुपमा समर्थन गर्न सकेको देखिएन।आजको कारोबार अवधिमा नेप्से सूचकले २६६५ को उच्च विन्दु छोएको थियो भने २६४७ को न्यून विन्दुसम्म झरेको थियो। सुरुवाती कारोबारमा बजारमा केही उतारचढाव देखिए पनि दिनभर सूचक सीमित दायराभित्र नै कारोबार भएको थियो। अन्तिम कारोबार समयमा खरिद चाप बढेसँगै सूचक सकारात्मक क्षेत्रमा बन्द हुन सफल भएको देखिन्छ।

प्राविधिक विश्लेषण

20D MA	वजार २०D MA भन्दा Below छ ।
MACD	नेप्सेमा हाल MACD मा Selling (Weak) देखिएको छ ।
RSI	RSI 47 पुगेको देखिन्छ ।

Support	2580
Resistance	2680

बजार बढे पनि कारोबार भोल्युम अपेक्षाअनुसार बलियो नदेखिनु महत्वपूर्ण पक्षका रूपमा रहेको छ। सामान्यतया बजारमा दिगो वृद्धि (सस्टेनेबल अपट्रेन्ड) कायम हुन उच्च कारोबार भोल्युम आवश्यक मानिन्छ। कम भोल्युममा भएको वृद्धिले बजारमा ठूला लगानीकर्ताको सक्रिय सहभागिता अझै नबढेको संकेत गर्दछ।

हाल बजारमा लगानीकर्ताहरुको मनोविज्ञान मिश्रित देखिन्छ। एकातर्फ बजारले सकारात्मक संकेत देखाएको छ भने अर्कोतर्फ कमजोर भोल्युमका कारण लगानीकर्ताहरु अझै सावधानीपूर्ण अवस्थामा रहेको बुझिन्छ। यदि आगामी दिनमा सूचकसँगै कारोबार रकम र भोल्युम दुवै बढेमा बजारले थप गति लिन सक्ने सम्भावना रहनेछ।

9709043043

www.sarbaguna.com

sarb.agun
sarbaguna.investm
Sarbaguna Investment